कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## आयोजना कार्यान्वयन एकाइ

विराटनगर, नेपाल

प.सं.:०८३/८४

च.नं.: ६१

पाख्रीबास नगरपालिका
दर्ता नं.: ५५४
दर्ता मिति: २०८३/५/१६

मितिः वि.सं.२०८३/०५/१७

ने.सं.११४६, गुलागा ५, बुधबार

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा।

श्री न.पा. /गा.पा.,

धनकुटा न.पा., पाख्रिबास न.पा., महालक्ष्मी न.पा., छथरजोरपाटी गा.पा.- (धनकुटा), अरुण गा.पा., पौवादुम्मा गा.पा., भोजपुर न.पा.- (भोजपुर), मानेभञ्ज्याङ्ग गा.पा., सुनकोशी गा.पा., चम्पादेबी गा.पा.- (ओखलढुङ्गा), सोलुदुधकुण्ड न.पा., थुलुङ्गदुधकोशी गा.पा., माप्यदुधकोशी गा.पा.- (सोलुखुम्बु),
हिलिहाङ्ग गा.पा., फिदिम न.पा.- (पाँचथर), आठराई गा.पा., लालीगुराँस न.पा., म्याङ्लुङ्ग न.पा., फेदाप गा.पा.- (तेह्रथुम), हलेसी तुवाचुङ्ग न.पा., रावाबेंसी गा.पा. र दिक्तेल रुपाकोट मझुवागढी न.पा.-(खोटाङ्ग),
कोशी प्रदेश, विराटनगर ।

प्रस्तुत विषयमा यस आयोजना कार्यान्वयन एकाइ, विराटनगरको फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचना यसैसाथ संलग्न गरी पठाइएको छ। उक्त सूचना तहाँ पालिकाको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाई सहयोग गरिदिनुहुन अनुरोध छ। साथै यस सन्दर्भमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम आवश्यक सहजीकरण गरिदिनुहुन समेत अनुरोध छ।

श्री, कृषि शाखा,
सूचना टाँस गरि सो को जानकारी सम्बन्धित निकायमा पठाउनुहुन।
२०८३/५/१६

(प्रकाशकुमार डाँगी)

प्रादेशिक आयोजना व्यवस्थापक

वोधार्थः

श्री पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना,
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुर।

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
आयोजना कार्यान्वयन एकाइ, विराटनगर, नेपाल

## फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०५।१७)

यस आयोजनाको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरुमा देहायका बालीहरुको बगैंचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरुलाई आवश्यक कागजातहरुसहित चालु आ.व.२०८३/०८४ को अवधिभित्र सम्बन्धित स्थानीय तहहरुमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| जिल्ला | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | लक्षित फलफूल बालीहरु |
|---|---|---|
| धनकुटा | धनकुटा न.पा., पाख्रिबास न.पा., महालक्ष्मी न.पा. र छथरजोरपाटी गा.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| भोजपुर | अरुण गा.पा., पौवादुङमा गा.पा. र भोजपुर न.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| ओखलढुङ्गा | मानेभञ्ज्याङ गा.पा., सुनकोशी गा.पा. र चम्पादेवी गा.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| पाँचथर | हिलिहाङ गा.पा. र फिदिम न.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| तेह्रथुम | आठराई गा.पा., लालीगुराँस न.पा., म्याङ्लुङ न.पा. र फेदाप गा.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| खोटाङ | हलेसी तुवाचुङ न.पा., रावाबेंसी गा.पा. र दिक्तेल रुपाकोट मझुवागढी न.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |
| सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा. | सुन्तलाजात, किवि, ओखर र स्याउ |
| | माप्यदुधकोशी गा.पा. | सुन्तलाजात, किवि, एभोकाडो र स्याउ |
| | थुलुङ्दुधकोशी गा.पा. | सुन्तलाजात, किवि, एभोकाडो र मेकाडेमिया नट |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरणः**

(क) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम,
(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,
(ङ) अनुसूची १७ र सो बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,
(च) अनुसूची १८ बमोजिमको सहमती पत्र,
(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको),
(ज) अनुसूची १९ र सो बमोजिमको निर्णयको प्रतिलिपि,
(झ) अनुसूची २० बमोजिमको स्वघोषणा,
(ञ) अनुसूची २२ बमोजिमको Eenvironmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,
(ट) अन्य (आवश्यकता अनुसार)

नोटः
१. आवेदन फाराम र अन्य पेश गर्नुपर्ने कागजातहरु आयोजना कार्यान्वयन एकाइ, सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा वेबसाईट doad.koshi.gov.np र koshi.nafha.gov.np बाट प्राप्त गर्न सकिनेछ।
२. यस कार्यक्रम अन्तर्गत प्राप्त हुने आवेदनहरुको यस आ.व. मा कार्यक्रम संचालनको लागि प्रारम्भिक छनौट हिउँदे फलफुलहरुको हकमा कार्तिक मसान्तभित्र र वर्षे फलफूलहरुको हकमा चैत्र मसान्तभित्र गर्नुपर्ने भएकाले फलफूलहरुको लगाउने समय अगावै आवेदन पेश गर्नुहुन अनुरोध छ।
थप जानकारीको लागि आयोजना कार्यान्वयन एकाइ वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा सम्पर्क नं ९८५२०४०१३९, ९८५२०४०१६२, ९८५२०४०१६३ मा सम्पर्क गर्न सकिनेछ।

-प्रादेशिक आयोजना व्यवस्थापक

प्रादेशिक आयोजना व्यवस्थापक